# प्राय: सोधिने प्रश्नहरू (FAQ)

1. 2019-2020 को विद्यालय छनोट खुला नामांकन कहिले हो? **जनवरी 7 बिहान 9:00 देखि फेब्रुअरी 8, 2019 साँझ 4:00 बजेसम्म**
2. 2019-2020 को खुला नामांकनको अवधिमा कुन-कुन विद्यालय छनोट कार्यक्रमहरू (School Choice Programs) प्रस्ताव गरिएका छन्?
   Arabia Mountain High School करियर प्रविधि पथ तथा म्याग्नेट कार्यक्रम, चार्टर, कर्मचारी विद्यार्थी स्थानान्तरण अनुरोध, Coralwood/Hawthorne साझेदारी, Ronald McNair खोज अध्ययन एकेडेमी, हाउस बिल 251, इम्मर्सन दोहोरो भाषा कार्यक्रम, अन्तर्राष्ट्रिय ब्याकालरियट, म्याग्नेट, मोन्टेसरी, सेनेट बिल 10, थिम र प्रारम्भिक सिकाइ केन्द्र सहितका सबै कार्यक्रमहरू प्रस्ताव गरिएका छन्।
3. मैले अनलाइन आवेदन दिन सक्छु? सक्नुहुन्छ, अनलाइन आवेदनहरू http://www.yourchoicedekalb.orgमा उपलब्ध छन्।
4. 2019-2020 विद्यालय छनोटका आवेदनहरू कहिले र कहाँ उपलब्ध हुनेछन्?
   http://www.yourchoicedekalb.org मा अनलाइन
5. मैले कहाँ आवेदन दिनसक्छु?
   आफ्नो व्यक्तिगत कम्प्युटर (अनलाइन) मा, स्थानीय पुस्तकालय (अनलाइन) मा, स्थानीय विद्यालय (कागजी आवेदनहरू उपलब्ध छन्) मा, विद्यालय छनोट कार्यक्रमहरूको खुला नामांकनको स्थान निम्न हो: 1192 Clarendon Ave, Avondale Estates, GA 30002
6. विद्यालय छनोट कार्यक्रमको लागि आवेदन दिन मलाई इमेल ठेगानाको आवश्यक हुन्छ?
   हुन्छ। नयाँ विद्यालय छनोट कार्यक्रमहरूको अनलाइन खाता सिर्जना गर्न इमेल ठेगाना र पासवर्ड आवश्यक हुन्छ।
7. विद्यालय छनोट कार्यक्रमको लागि आवेदन दिन मलाई अभिभावकको खाता आवश्यक हुन्छ?
   हुन्छ। नयाँ अनलाइन विद्यालय छनोट आवेदनको लागि 2019 - 2020 विद्यालय वर्षको आवेदन पेश गर्नका लागि सबै अभिभावकहरूले खाता सिर्जना गर्न आवश्यक हुन्छ।
8. मेरो बच्चा निजी विद्यालय वा गृह विद्यालयको विद्यार्थी हो भने मैले विद्यालय छनोट कार्यक्रमको लागि आवेदन दिन सक्छु?
   सक्नुहुन्छ। खुला नामांकनको समयमा र त्यसपछि बच्चाको अभिभावक वा कानूनी अभिभावक DeKalb County School District को हालको निवासी हुनुपर्छ।
9. मैले प्रत्येक विद्यालय छनोट कार्यक्रमको लागि योग्यताका आवश्यकताहरू कहाँ फेला पार्न सक्छु?
   सबै योग्यता आवश्यकताहरूलाई विद्यालय छनोट वेबसाइटhttp://www.dekalbschoolsga.org/school-choice/मा समीक्षा गर्न सकिन्छ
10. मैले आवेदन र सहायक कागजातपत्र पत्राचार गर्न सक्छु?
    सक्नुहुन्न। आवेदन र सहायक कागजातहरूलाई अनलाइन मार्फत पेश गर्नुपर्छ।
11. मैले एकभन्दा बढी विद्यालय छनोट कार्यक्रमको लागि आवेदन दिन सक्छु?
    सक्नुहुन्छ। प्रकाशित योग्यता मापदण्डमा आधारित रहेर तपाईंले आफ्नो बच्चा योग्य भएको कुनै पनि कार्यक्रमको लागि आवेदन दिन सक्नुहुन्छ। यद्यपि, प्रत्येक प्रकारको विद्यालय छनोट कार्यक्रममा चयन सीमा छ।
12. विद्यालय छनोट कार्यक्रममा सहभागी हुनको लागि विद्यार्थीहरूलाई कसरी चयन गरिन्छ?
    विद्यार्थीहरू अनियमित स्वचालित लोटरी चयन प्रक्रियाद्वारा चयन गरिन्छन्।
13. विद्यालय छनोट कार्यक्रमका लोटरीहरू कहिले र कहाँ सञ्चालन हुन्छन्?
    विद्यालय छनोट कार्यक्रमका प्रारम्भिक लोटरीहरू मार्च 2019 मा सञ्चालन हुनेछन्। नतिजाहरू मार्च 22, 2019 का दिन साँझ 5:00 बजेपछि इमेल गरिनेछ। आवश्यक भएमा, अतिरिक्त लोटरीहरू जुनदेखि अगष्ट 2019 सम्म सञ्चालन हुन्छन्।
14. ढिलाई गरिएका विद्यालय छनोट आवेदनहरू स्वीकार गरिन्छन्?
    गरिन्छ। यद्यपि, ढिलाई भएका आवेदनहरूलाई स्थान नियोजनको निमित्त ग्यारेण्टी गरिँदैन। लोटरी सञ्चालन भएर सबै चयन गरिएका विद्यार्थी र प्रतिक्षा सूचीका विद्यार्थीहरूलाई राखिएपछि अतिरिक्त सिटहरू उपलब्ध हुन्छन् भने, ढिलाई भएका आवेदकहरूलाई विचार गर्न सकिन्छ। विद्यालय छनोट कार्यालयले ढिलाई भएका आवेदकहरूको स्थान नियोजन सम्बन्धमा अभिभावकहरूलाई सम्पर्क गर्नेछ। अगष्ट 30, 2019 साँझ 4:00 बजेपछि स्थान नियोजन उपलब्ध हुनेछैन।
15. अभिभावकहरूलाई कसरी सूचित गरिन्छ?
    विद्यालय छनोट कार्यालयले लोटरीका नतिजाहरूको सम्बन्धमा प्रत्येक आवेदकलाई इमेलद्वारा सूचित गर्नेछ। विद्यार्थी सम्बन्धी जानकारी टेलिफोनबाट उपलब्ध गराइनेछैन। लोटरीको दिन साँझ 5:00 बजेपछि आफ्नो बच्चाको चयन स्थिति जाँच गर्न http://www.yourchoicedekalb.org मा लग अन गर्नुहोस् र "ड्यासबोर्ड" ("Dashboard") चयन गर्नुहोस्।
16. कार्यक्रमको लागि चयन भएमा विद्यालय छनोट कार्यक्रमको विद्यालयमा मैले कहिले दर्ता गर्न आवश्यक हुन्छ?
    अनुमोदन सूचनामा सूचीबद्ध गरिएको मितिको अवधिमा अभिभावकहरूले विद्यालय छनोट कार्यक्रमको विद्यालय साइटमा दर्ता गर्नुपर्छ वा सिट रद्द हुनेछ र प्रतिक्षा सूचीमा भएको अर्को योग्य आवेदकलाई प्रदान गरिन्छ। विशेष दर्ता मितिलाई चयन सूचनामा समावेश गरिनेछ।
17. विद्यालय छनोट कार्यक्रमहरूका लागि यातायात उपलब्ध गराइनेछ?
    विद्यालय छनोट कार्यक्रमहरूका लागि एकदमै हालको DeKalb County यातायात नीतिको पालना गरिनेछ। 2019-2020 विद्यालय वर्षको अवधिमा, Arabia Mountain High School, Champion Theme Middle School र 2019 - 2020 विद्यालय वर्षको म्याग्नेट कार्यक्रमहरूमा जान र आउनको लागि विद्यार्थीहरूले आफ्नो क्षेत्रमा चयन गरिएका सेटलाइट पिकअप स्थानहरूमा रिपोर्ट गर्नेछन्। Theme elementary school का विद्यार्थीहरूलाई छिमेकी यातायात उपलब्ध गराइन्छ।
18. विद्यालय छनोट कार्यक्रमहरूको स्थान नियोजन कहिले समाप्त हुनेछ? खाली स्थानहरू अगष्ट 30, 2019 का दिन साँझ 4:00 बजेसम्म सम्म भरिनेछ।
19. मैले 2019-2020 विद्यालय छनोट कार्यक्रमहरूका बारेमा थप जानकारी कहाँ फेला पार्न सक्छु?
    थप जानकारी http://www.dekalbschoolsga.org/school-choice/मा उपलब्ध छ
20. मैले लगइन र प्राविधिक सहायता सम्बन्धी प्रश्नहरूका लागि कसलाई सम्पर्क गर्नुपर्छ? 678-676-0050 मा फोन गर्नुहोस्
21. मैले आवेदनमा सहायता वा कार्यक्रमको जानकारीको लागि कसलाई सम्पर्क गर्नुपर्छ? खुला नामाङ्कनको अवधिमा, कृपया 678.676.0050 मा विद्यालय छनोट कार्यालयलाई सम्पर्क गर्नुहोस् वा School_Choice@dekalbschoolsga.org मा इमेल पठाउनुहोस्

**व्यवसायको लागि DCSD प्रशासनिक कार्यालयहरू बन्द हुने मितिमा अन्तिम मिति पर्‍यो भने, अन्तिम मिति पछिको पहिलो व्यवसाय दिनलाई कागजातको अन्ति मितिको रूपमा मानिनेछ। आवश्यक भएमा डिस्ट्रिक्टसँग समयसीमा परिवर्तन गर्ने अधिकार हुन्छ। अन्तिम मिति छुटेकामा कुनै पनि अपवादहरू बनाइने छैनन्।**